# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः ०३ सितम्बर २०२४

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो ब्रुनाई र सिंगापुर भ्रमणको पहिलो चरणमा आज दिउँसो ब्रुनाईको बन्दर सेरी बेगवान पुग्नु भएको छ।

आरजी कर मेडिकल कलेज एवं अस्पतालमा मारिएकी डाक्टरकी आमाले राष्ट्रपति, प्रधानमन्त्री, पश्चिम बंगालकी मुख्यमन्त्री अनि राज्यपाल लगायत देशका विभिन्न उच्च पदाधिकारीहरूलाई पत्र लेखेर न्यायको गुहार लगाएकी छिन् ।

कालेबुङका जिल्लापाल बाला सुब्रमन्यम टि-ले जिल्लामा हाल देखा परेका विभिन्न अपराधिक मामिला र नाबालिक बलात्कार मामिलालाई लिएर प्रशासनिक बैठक अनि कारवाही भईरहेको जनाउनु भएको छ।

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन अनि दार्जीलिङ नगरपालिकाको संयुक्त पहलमा आज दार्जीलिंगको महत्वकांक्षी हकर्स मार्केट निर्माणको विधिवत शिलान्यास गरियो।

खरसाङ्ग फुटबल एसोसिएसनको आयोजनामा जारी दोस्रो महकुमा अन्तर कार्यालय फुटबल प्रतियोगिताको आज दुईवटा क्वाटर फाइनल म्याच मन्तभियत खेल मैदानमा सम्पन्न भयो I

**प्रधानमन्त्री ब्रुनाई**

प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो ब्रुनाई र सिंगापुर भ्रमणको पहिलो चरणमा आज दिउँसो ब्रुनाईको बन्दर सेरी बेगवान पुग्नु भएको छ। उहालाई ब्रुनाई अन्तर्राष्ट्रिय विमानस्थलमा युवराज हाजी अल मुहतादी बिल्लाहले स्वागत गर्नु भयो । प्रधानमन्त्री नरेन्द्र मोदीको यो पहिलो ब्रुनाई भ्रमण हो। श्री मोदीको यो भ्रमण भारत र ब्रुनाईबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ४० औं वर्षगाँठको सन्दर्भमा भइरहेको छ। भ्रमणको लागि प्रस्थान गर्नु अघि श्री मोदीले आफ्नो ब्रुनाई र सिंगापुरको भ्रमणले दुवै देश र आसियान देशहरूसँगको भारतको साझेदारीलाई अझ बलियो बनाउने विश्वास व्यक्त गर्नु भयो।

****** ० ******

**आरजी कर मेडिकल कलेज**

आरजी कर मेडिकल कलेज एवं अस्पतालमा मारिएकी डाक्टरकी आमाले राष्ट्रपति, प्रधानमन्त्री, पश्चिम बंगालकी मुख्यमन्त्री अनि राज्यपाल लगायत देशका विभिन्न उच्च पदाधिकारीहरूलाई पत्र लेखेर न्यायको गुहार लगाएकी छिन् । उनले यस दु:खद घटनामा अस्पतालकै केही मानिसहरू सामेल रहेको आरोप लगाएकी छिन् I डाक्टरकी आमाले आफ्नो पत्रमा लेखेकी छन्, 'हाम्रो छोरीले सानैदेखि डाक्टर बन्ने सपना देखेकी थिइन्। के उनी एउटी नारी भएको कारणले उनको डाक्टर बन्ने सपनालाई निर्ममतापूर्वक कुल्चियो? जो यस घटनामा सामेल थिए, उनीहरूले प्रमाणहरू मेटाउन र मामिलालाई दबाउने पूर्ण प्रयास गरे।' उनले अझ लेखेकी छन्, 'घटनाको राति 11बजेर 15 मिनटमा छोरीसँग अन्तिमपल्ट कुराकानी भएको र त्यस समय हाँस्दै सामान्य तरिकाले कुरा गरिरहेकी थिइन्। आफूलाई अस्पताल प्रशासनबाट भोलिपल्ट बिहान 10 बजेर 53 मिनटमा पहिलो फोन आएको र छोरी बिमार भएको बताउँदै चाँडै अस्पताल आउन लगाइएको थियो। आफुहरु तत्काल अस्तपाल गइरहेको बेला बाटोमा फेरि फोन आएको र छोरीले आत्महत्या गरेको अस्पताल पक्षले बताएको उनले पत्रमा उल्लेख गरेकी छिन्। यसका साथै उनले अस्पताल पुगेपछि छोरीलाई हेर्न नदिएको आरोप लगाउँदै लगभग तीन घण्टासम्म बिन्ती गरेपछि

मात्र अस्पतालभित्र छिर्ने अनुमति दिएको बताइन्। उनले उच्च अधिकारीहरूसँग यस मामिलाको जॉच चॉडोभन्दा चॉडो पूरा गरेर दोषीहरूलाई कडा सजाय दिन माग गरेकी छन्।

****** ० ******

**कालेबुङका जिल्लापाल**

कालेबुङका जिल्लापाल बाला सुब्रमन्यम टि-ले जिल्लामा हाल देखा परेका विभिन्न अपराधिक मामिला र नाबालिक बलात्कार मामिलालाई लिएर प्रशासनिक बैठक अनि कारवाही भईरहेको जनाउनु भएको छ। यसका साथै कालेबुङ जिल्लापाल कार्यलयमा महिलाहरुको सुबिधा हेतु माता शिशु अनुकूल कक्षाको स्थापना गरिएको जिल्लापाल जानकारी गराउनु भएको छ। हिजदेखि संचालनमा आएको यो कक्षामा दुधे बालकहरुको निम्ति स्तनपान गराउन सुबिधा उपलब्ध गराइएको पनि उहाले बताउनु भयो। स्मरण रहोस् कालेबुङमा बलात्कार मामिलाको विषय लिएर विभिन्न संघ संस्थाले धर्ना प्रदर्शन गरिरहेका छन्। नारीहरुको सुरक्षा विषय नागरिक समाजले चिन्ता व्यक्त गरिरहेका छन् ।

****** ० ******

**राजमार्ग 10**

राष्ट्रीय राजमार्ग 10 अन्तर्गत रङ्गपु अनि मल्लीसम्मको मरम्मति गरिने भएकोले मार्ग दुई दिनको निम्ति पूर्ण रूपमा बन्द हुने कालेबुङका जिल्लापाल बालासुब्रमण्यम टी-ले जानकारी दिनु भएको छ। उहाले हाल राजमार्गको अवस्था ठीक नभएको साथै टिस्टा नदीमा जलस्तर बढेर पानीले भित्रसम्म माटो गलाएको कारण अहिलेको निम्ति सानो वाहन र मिनी बसमा मात्र चलाचल हुन सक्ने जानकारी दिनु भएको छ। उहाले माल वाहक वाहनहरु चलाचल गरे बाटो बिग्रिन सक्ने आशंका भएकोले अहिले नै मालवाहक वाहन चलाउन नसकिने बताउनु भयो।

****** ० ******

**दार्जीलिंग हकर्स मार्केट**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन अनि दार्जीलिङ नगरपालिकाको संयुक्त पहलमा आज दार्जीलिंगको महत्वकांक्षी हकर्स मार्केट निर्माणको विधिवत शिलान्यास गरियो। कर्यक्रमपछि पत्रकारहरुसंग कुराकानी गर्ने क्रममा नगरपालिकाका अध्यक्ष दीपेन ठकुरीले आगामी दशैं अनि तिहारको बीच दर्जीलिंगमा नयाँ हकर्स मार्केटको निर्माण कार्य पूरा हुनसक्ने बताउनु भएको छ। उहाले दार्जीलिङलाई हकर्समुक्त बनाउन सहयोग पुर्याउने जीटीए मुख्य कार्यपाल अनित थापा लगायत हकर्स सङ्गठन अनि गैर सरकारी संघसंस्थाहरुप्रति आभार प्रकट गर्नु भयो।

****** ० ******

**घर घर लाहुरे**

'घर घर लाहुरे' मिरिकले आज आफ्ना प्रशिक्षणार्थीहरुलाई लिएर अग्निबीर साथै सेनाका अन्य भर्तीमा कौशल बिकासको क्षमतालाई बलियो बनाउने उद्देश्य राखेर एक कार्यशालाको आयोजना गरयो। यस कार्यशालामा जि.आर. डी. दार्जिलिङबाट आउनु भएका सुबेदार मेजर दुर्गा बहादुर रोनतिजाले उपस्थित प्रशिणार्थीहरुलाई सेनामा भर्ना सम्बन्धि जानकारी गराउनु भयो। उहाले शारीरिक रुपमा लिइने परिक्षा साथै लिखित परिक्षालाई लिएर प्रिशक्षानार्थीहरुलाई जानकारी गराउनु भयो ।

****** ० ******

**दार्जीलिंग र्याली**

दार्जीलिंगमा ट्राफिक जामको समस्यालाई समाधान गर्ने माग गर्दै आज हिमालयन ट्रान्सपोर्ट को-अर्डिनेसन कमिटिको तत्वावधानमा चालकवर्गले जोरबङ्गलोदेखि चौरस्तासम्म एक रैलीको आयोजना गर्यो I र्यालीपछि ट्राफिक समस्याको समाधानको निम्ति जिल्लापाललाई ज्ञापन पत्र चढाएको कमिटिको पक्षबाट पासाङ शेर्पाले जानकारी ददिनु भएको छ।

****** ० ******

**भागोप्रमो खर्सांग**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा खरसाङ टाउन कमिटीको साङ्गठनिक सभा यहाको वार्ड नम्बर २ मा सम्पन्न भएको छ। वार्ड नम्बर २ का कार्यवाहक अध्यक्ष पुष्पराज प्रधानको अध्यक्षतामा सम्पन्न भएको सभामा भागोप्रमो वार्ड नम्बर दुईका दिवङ्गत सभापति स्व शान्ताकुमार प्रधानको आत्मा शान्तिको कामना गर्दै १०८ बत्ती बालेर श्रद्धाञ्जली अर्पण गरियो। सभालाई

सम्बोधन गर्ने क्रममा  वक्ताहरूले पार्टीलाई  साङ्गठनिक रूपमा अझ शसक्त बनाउनु पर्ने विषयमा जोर दिए I  यसका साथै  पार्टीको स्थापना दिवस विषयमा वक्ताहरुले आ-आफ्ना वक्तव्य राखेका थिए।

****** ० ******

**रोहीनी गेट सभा**

आज खरसाङको रोहिणी चियाबारीमा  बीस प्रतिशत बोनसको मागमा डि.डि.सि.के.एम.यू(सिटु) ले श्रमिकहरूलाई लिएर गेट सभा सम्पन्न गर्यो ।  गेट सभालाई दार्जिलिङ जिल्ला चिया कमान मजदूर युनियन रोहिणी शाखाका  सभापति अनिमा खवासले सम्बोधन गर्नु हुदै आफूहरू २० प्रतिसत बनोसको मागमा अडीक रहेको बताउनु भयो । गेट सभामा श्रमिक संगठनका नेताहरु लगायत चियाबारीका श्रमिकहरुको व्यापक उपस्थिति रहेको थियो I

****** ० ******

**गोरामुमो**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा   तकदाह टिस्टा भेल्ली समष्टिमा कालो झण्डा लगाउने क्रम जारी राख्दै समष्टिको विभिन्न क्षेत्रमा कालो झण्डा लगाएको सुदेश राईले जानकारी दिनु भएको छ  । उहाले गोर्खाहरुले देशको सुरक्षाको निम्ति हालसम्म आफ्नो प्राणको अहुती दिएर वीरगति प्राप्त गरिरहेको  र अब केन्द्र   सरकारले गोर्खाहरुको योगदानलाई सम्मान जनाउँदै पहाड, तराई अनि डुवर्सका जनतालाई न्याय दिनु पर्ने माग गर्दै आफुहरुले कालो झन्डा लगाउने क्रम जारी राखेको बताउनु भयो   ।

****** ० ******

**खरसाङ भारी वर्षा**

खरसाङ शहरमा आज  दिउँसो परेको भारी वर्षाको कारण  सडकमा पानी   बगेपछि सडक खोलामा परिणत भएको थियो I जसको कारण मानिसहरूलाई यातायात गर्न  धैरै समस्या भएको देखियो। सडकमा पानी अत्यधिक मात्रामा पानी बहन थालेपछि एउटा स्कुटी समेत  बगाएको देखियो I  विशेष गरी शहरको डाग बंगला क्षेत्रमा रहेको हिलकार्ट रोड खोलामा परिणत भएपछि बजारपाट गर्न आउने मानिसहरु लगायत यात्रीहरुले समस्याको सामना गर्नु परेको थियो I

****** ० ******

**रंबुल ग्राम**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन, दार्जीलिङ अभियान्त्रिक  विभागको देखरेखमा रङबुल ग्राम पञ्चायतको नयाँ भवनको शिलान्यास गरियो I यस अवसरमा  जिटीएका  उपाध्यक्ष राजेश चौहान प्रमुख रूपमा उपस्थित हुनुहुन्थ्यो I कार्यक्रममा रङ्गबुल क्षेत्रको 11 वटा समाजका प्रतिनिधिगण, संयुक्त शिक्षक संगठन, भूतपूर्व सैनिक संगठन, रङ्गबुल चालक-मालिक संगठन, रङ्गबुल जीपी को-अपरेटिभ सोसाईटी, तितेपाती संघ (एस एच जी) साथै सम्पूर्ण ग्राम पञ्चायत सदस्य-सदस्या अनि सम्पूर्ण कर्मचारीवृन्दको उपस्थिति रहेको थियो।

****** ० ******

**अलिपुरद्वार-हात्तीको आक्रमण**

अलिपुरद्वार जिल्लाको मदारीहाटस्थित दक्षिण खयेर बाड़ीमा गत अबेर राती जंगली हात्तीको आक्रमणमा परी  पाँचवटा घर क्षतिग्रस्त भएको छ।  स्थानीयहरु  अनुसार  अबेर राती दन्तैल हात्तीहरूको एक झुण्ड आहारको  खोजीमा जंगलदेखि  खयेर बाड़ीको आवासीय क्षेत्रमा पसेर  घरमा आक्रमण  गर्‍यो I  जसले गर्दा पाँचवटा घर क्षतिग्रस्त भयो। यस घटनामा गाउँवासी  भाग्यले बाचेको जानकारी प्राप्त भएको छ ।
हात्तीले प्रायः प्रत्येक दिन नै हात्तीले  क्षेत्रमा उत्पात मच्चाउने गरेकोले गाउँ वासीले वन विभाग समक्ष  राती पेट्रोलिंग बढ़ाइदिने माग गरेका छन्।

****** ० ******

**फूटबल खर्सांग**

खरसाङ्ग फुटबल एसोसिएसनको    आयोजनामा जारी  दोस्रो महकुमा अन्तर कार्यालय फुटबल प्रतियोगिताको आज दुईवटा क्वाटर फाइनल म्याच मन्तभियत खेल मैदानमा  सम्पन्न भयो I प्रथम म्याच  एयर फोर्स अनि  पुलिस दलमाझ सम्पन्न भयो भने  0 को विरुद्ध  2 गोल गर्दै एयर फोर्स विजय बनेको छ I  यसरी नै दोस्रो म्याचमा एस आइ अफ स्कुल अनि  खर्सांग खण्ड विकास कार्यालयबीच भिडन्त भएको थियो I जसमा दुवै दल निर्धारित समयसम्म एक एक गोलको बराबरीमा रहेपछि टाई ब्रेकरमा 4 को विरुद्ध 5 गोल गर्दै एस.आइ.अफ. स्कुल विजय बनेको छ  छ I